# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८२।०३।२२ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला डोल्पा, मुड्केचुला गाउँपालिका र वडा नं. ७ स्थित अन्नपूर्ण माध्यमिक विद्यालयका प्रधानाध्यापक समेतको मिलेमतोमा अन्नपूर्ण माध्यमिक विद्यालयको Retaining Wall Construction को ठेक्का गाउँपालिकाको अध्यक्षको श्रीमती एवं सोही विद्यालयका शिक्षिकाको नाममा रहेको दर्शन एण्ड दिग्दर्शन निर्माण सेवालाई बोलपत्र पारी सार्वजनिक खरिद ऐन नियमावली विपरीत कार्य गरी सार्वजनिक सम्पत्तिको हानिनोक्सानी गरी नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याई भ्रष्टाचार गरेको भन्ने समेत ब्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा आ.व. २०७९/०८० मा जिल्ला डोल्पा, मुड्केचुला गाउँपालिका वडा नं. ७ स्थित अन्नपूर्ण माध्यमिक विद्यालयको Retaining Wall Construction को ठेक्का E-BID मार्फत बोलपत्र आव्हान गरी, बोलपत्र कागजात तयार तथा मूल्याङ्कन गर्दा Site Visit लाई थप अनिवार्य शर्त राखी सोही आधारमा बोलपत्रको मूल्याङ्कन गरेको, सार्वजनिक खरिद ऐन, नियम तथा शिक्षा ऐन, नियमको मर्म विपरीत सम्बन्धित विद्यालयमै कार्यरत शिक्षिकाको दर्शन एण्ड दिग्दर्शन निर्माण सेवालाई छनौट गरेको, बोलपत्र मूल्याङ्कन गर्दा न्यून कबोल अंक भ्याट बाहेक रु.४९,८३,३९४।९० कबोल गरेको महातारा निर्माण सेवालाई बिना कारण Site Visit नभएको भन्ने आधार लिई अयोग्य ठहराएको र चौथो नम्बरको कम कबोल अंक भ्याट बाहेक रु.७९,५१,७२९।८५ भएको दर्शन एण्ड दिग्दर्शन निर्माण सेवा संचालकलाई आफूखुशी छनौट गरी उक्त निर्माण सेवाले भुक्तानी पाएको रकम रु.७९,४४,०८७।४५ बाट सबैभन्दा न्यून अङ्क बोल कबोल गर्ने महातारा निर्माण सेवाको भ्याट बाहेक रु.४९,८३,३९४।९० घटाउँदा हुन आउने फरक रकम रु.२९,६०,६९२।५५ बराबरको रकम नेपाल सरकार तथा अन्नपूर्ण माध्यमिक विद्यालयलाई हानिनोक्सानी गरेको पुष्टि भएको देखिंदा प्रतिवादीहरुले मिलेमतो गरी विद्यालयको Retaining Wall Construction को ठेक्का E-BID मार्फत आव्हान गरी बोलपत्र कागजात तयार तथा मूल्याङ्कन गर्दा Site Visit लाई थप अनिवार्य शर्तको रुपमा राखी सोही आधारमा बोलपत्रको मूल्याङ्कन गरेको, ठेक्का दिने बद्नियतले बोलपत्रमा तथा प्रकाशित सूचनामा नभएको शर्त पछिबाट थपघट भएको तथ्यको जानकारी हुँदाहुँदै दर्शन एण्ड दिग्दर्शन निर्माण सेवालाई छनौट गरी गराई विभिन्न गलत लिखत तयार गरी प्रतिवादीहरुले सार्वजनिक संस्था अन्नपूर्ण माध्यमिक विद्यालयको रु.२९,६०,६९२।५५ रकम हिनामिना, हानिनोक्सानी गरी दुरुपयोग गरे गराएको हुँदा देहायका प्रतिवादीहरु उपर देहाय बमोजिम सजाय हुन मागदाबी लिई आज बिशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

## देहाय

| सि.नं. | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | अन्नपूर्ण माध्यमिक विद्यालय डोल्पाका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष **जनक बुढा** र प्रधानाध्यापक **नरदेव रोकाया** | रु.२९,६०,६९२।५५ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्दिष्ट गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद सजाय साथै सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिमको जरिवाना सजाय हुन र सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन एवं गलत लिखत कागजात तयार गरेको र आफूखुसी थपघट गरी निर्णय सच्याई केरमेट समेत गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा ११ वमोजिमको कसूरमा सोही ऐनको दफा ९ र दफा ११ बमोजिम सजाय हुन समेत मागदाबी लिइएको छ। |
| २. | अन्नपूर्ण माध्यमिक विद्यालय, डोल्पाका सहायक शिक्षक **हृदय नारायण साह,** सहायक शिक्षक **जयबहादुर ठकुल्ला** र इन्जिनियर **देवराज रावत** | रु.२९,६०,६९२।५५ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ वमोजिमको कसूरमा बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्दिष्ट गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ३ को उपदफा (१) को देहाय (छ) तथा गरी भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद सजाय हुन र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिमको जरिवाना सजाय हुन र ऐ.ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुनमागदाबी लिइएको छ। |
| ३. | अन्नपूर्ण माध्यमिक विद्यालय का विद्यालय व्यवस्थापन समितिका पदेन सदस्य तथा मुड्केचुला गाउँपालिका, वडा नं. ७ का **वडाध्यक्ष दत्त बहादुर बुढा** र विद्यालय व्यवस्थापन समितिका सदस्यहरु **दुर्गा देवी लामा,** | रु.२९,६०,६९२।५५ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो कायम गरी भ्रष्टाचार निवारण ऐनको दफा १७ ले निर्दिष्ट गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद सजाय हुन साथै सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिमको जरिवाना सजाय हुन र सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन एवं गलत लिखत कागजात तयार गरेको र आफूखुसी थपघट गरी निर्णय सच्याई केरमेट समेत गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा ११ वमोजिमको कसूरमा सोही ऐनको दफा ९ र दफा ११ बमोजिम |

| | | | |
|---|---|---|---|
| | **अशोक रोकाया, कबिता बुढा (ठकुल्ला), रूपा रोकाया, पृथि ठकुल्ला, धन बहादुर कामी र नारायणी ठकुल्ला** | | सजाय हुन समेत मागदाबी लिइएको छ। |
| ४. | अन्नपूर्ण माध्यामिक विद्यालयका शिक्षिका तथा दर्शन एण्ड दिग्दर्शन निर्माण सेवाका प्रोप्राइटर **उषा कुमारी सिंह** र दर्शन एण्ड दिग्दर्शन निर्माण सेवा | रु.२९,६०,६९२।५५ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा उक्त दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिमको सजाय हुने कसूरको नगद तथा अन्य गैरकानूनी प्रकृतिको लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारहरुलाई बिगो कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मुख्य कसुरदार सरह सजाय गरी बिगो सोही ऐनको दफा १७ बमोजिम असूल उपर हुन एवं उषा कुमारी सिंहले आफू कार्यरत रहेको विद्यालयबाट निकालिएको बोलपत्रको सूचना बमोजिम उक्त विद्यालयको Retaining wall Constructions को कार्यमा सहभागी हुन आफ्नै फर्म खोलेर ठेक्कापट्टामा संलग्न रही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १४ बमोजिमको कसूर समेत गरेकोले ऐ. ऐनको दफा १४ बमोजिम सजाय समेत हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
राजेन्द्र कुमार पौडेल